मिति :- २०८२ श्रावण १६ गते

समय :- दिउँसो ०१:०० बजे

स्थान :- नगर सभाहल

मुसीकोट नगरपालिका प्रमुख श्री देविलाल गौतमको अध्यक्षतामा ~~मा~~ बसेको मुसीकोट नगर कार्यपालिकाको बैठकमा निम्नानुसार उपस्थिति भई निम्नानुसार निर्णय गरियो।

उपस्थिति :-

श्री देविलाल गौतम - नगर प्रमुख
श्री प्रेमकुमारी सुनार - नगर उप-प्रमुख
श्री बिरबल के.सी. - वडा अध्यक्ष
श्री काशीराम खड्का - " - "
श्री भिमबहादुर खड्का - " - "
श्री निर्मलकुमार पुन - " - "
श्री शुशिल गौतम - " - "
श्री वसन्त गौतम - " - "
श्री हिमबहादुर पाण्डे - " - "
श्री बुद्धिप्रसाद बुढा - " - "
श्री नविन ओली - " - "
श्री गोप्यश्वर के.सी. - " - "
श्री पदमबहादुर पुन - " - "
श्री प्रेमबहादुर वली - " - "
श्री दिपक के.सी. - " - "
श्री भिमबहादुर विष्ट - " - "
श्री यमकुमारी नेपाली - कार्यपालिका सदस्य
श्री चम्पा परियार - " - "
श्री मीता वि.क. - " - "
श्री पविता कामी - " - "
श्री कमला बुढा (पुन) - " - "
श्री शशीराम परियार - " - "
श्री धिरण सेपाली - " - "
श्री जानकी खड्का - " - "
श्री माधवप्रसाद शर्मा - प्र.प्र.अ.

अन्य उपस्थित :-

कुबेर के.सी. - कार्यक्रम अधिकृत
मानबहादुर के.सी. लेखापाल
ना.सु मोहनकुमार के.सी. -
खरिदार मानबहादुर शाही

निर्णय नं. १ : गरिव घरपरिवार परिचय पत्र वितरण

गरिव घरपरिवार परिचय पत्र वितरणका लागि प्राप्त भएको नामावलीमा अतिगरिब व्यक्तिहरुको नाम समावेश नभएको र केहि गैरगरिब व्यक्तिहरुको नाम समावेश भएको पाईएकाले गरिब घरपरिवार परिचय पत्र वितरण कार्यविधि २०७४ को दफा ११ मा सम्बन्धित स्थानीय तहले विवरण अध्यावधिक गर्न सक्ने व्यवस्था भएकाले सोही अनुरुप विवरण अध्यावधिकका लागि आवश्यक व्यवस्था गर्न जिल्ला समन्वय समिति रुकुम (पश्चिम) मार्फत भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश र सम्बन्धित संघिय मंन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : वातावरणीय प्रभाव मूल्यांकन (IEE)

नगरपालिकाको आन्तरिक आय बृद्धिका लागि नगर क्षेत्र भित्र श्रोत पहिचान गरिएका नदिनालाबाट गिट्टी, ढुंगा, बालुवा तथा अन्य नदिजन्य पदार्थ संकलन गर्दा पर्न सक्ने वातावरणीय प्रभाव मूल्यांकन गरी प्रचलित कानून बमोजिम प्राप्त भएको प्रतिवेदनका आधारमा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी श्रोत संकलनका लागि सूचना प्रकाशन गरी ठेक्का बन्दोबस्त गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३ : विस्तृत आयोजना प्रतिवेदन (DPR)

नगरसभाबाट पारित आ.व. २०७५।०७६ को स्वीकृत कार्यक्रम अन्तरगत विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्न छनौट गरिएका सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न सूचना प्रकासन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : वडा कार्यालय भवन निर्माण

वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ती गरी सकेका वडा समितिहरुले जग्गाधनी पूर्जाको प्रतिलिपि सहित भवन निर्माणको मागको वडा समितिको निर्णय सहित यहि श्रावण मसान्त भित्र नगरपालिकामा माग पेश गर्ने र सो अवधिमा पेश भएका वडाहरुको वडा कार्यालय भवन निर्माणका लागि आवश्यक वजेट व्यवस्था गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : बसपार्क तथा डम्पिंग साईड निर्माण

नगरपालिकामा व्यवस्थित बसपार्क निर्माण गर्न तथा दिर्घकालिन रुपमा फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईड निर्माणका लागि उपयुक्त तथा प्रयाप्त जग्गा छनौट गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गोप्यश्वर के.सी., अध्यक्ष वडा नं. १० | संयोजक |
| ख) धिरण सेर्पाली, पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| ग) बुद्धिप्रसाद बुढा, विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| घ) शुशिल गौतम, सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ) विरबल के.सी., अध्यक्ष वडा नं. १ | सदस्य |
| च) काशीराम खडका, अध्यक्ष वडा नं. २ | सदस्य |

छ) पविता वि.क., कार्यपालिका सदस्य — सदस्य
ज) चम्पा परियार, कार्यपालिका सदस्य — सदस्य
झ) प्राविधिक शाखा प्रमुख — सदस्य सचिव

निर्णय नं. ६ : सम्पत्ती कर निर्धारण

स्थानीय तहहरुले संकलन गर्ने सम्पत्ती करमा जिल्लाका सबै स्थानीय तहहरुमा एकरुपता कायम गर्न जग्गाको मूल्यका हकमा जिल्ला घरजग्गा मूल्य निर्धारण समितिले निर्धारण गरेको दररेट कायम गरी सोमा बनेको घर तथा अन्य संरचना सहित करदाताले पेश गरेको कुल सम्पत्ती मूल्यको ०.०१ प्रतिशतले हुने रकमका दरले सम्पत्ती कर संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : नगर प्रहरी नियुक्ति कार्यविधि

स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार यस नगरपालिकाको नगर प्रहरी भर्ना गर्न नगर सभाबाट पारित निर्णयानुसार नगर प्रहरी नियुक्ति तथा परिचालन नियमावली/कार्यविधि/निर्देशिका तयार गरी पेश गर्न विधेयक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८ : नगरको लोगो निर्माण

नगरपालिकाको लोगो निर्माणका लागि सुहाउदो लोगोको नमूना पेश गर्न सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९ : काठेपुल निर्माण

वर्षातका कारणले नगर क्षेत्र भित्रका खोलानाला बढेर विद्यार्थी लगायत नगरबासीहरुलाई आवत जावत गर्न कठिन भएकाले विपद् व्यवस्थापन गर्न विनियोजित वजेटबाट प्रातमिकता हेरी देहायका काठेपुल निर्माण गर्ने निर्णय गरियो ।

(१) तल्लो काउलखोला काठेपुल, वडा नं. ९
(२) माथिल्लो काउलखोला काठेपुल, वडा नं. ९
(३) दोभानखोला काठेपुल, वडा नं. ११ र १२
(४) हर्लेखोला पानीमूल काठेपुल, वडा नं. १२
(५) घिउखोला काठेपुल, वडा नं. १ र २
(६) धागेछरी काठेपुल, वडा नं. ११
(७) पानाखोला मेलचौर काम्ले काठेपुल, वडा नं. ६
(८) दोपाई स्कूल नजिक दोपाईखोला काठेपुल, वडा नं. १४
(९) भिमडाडा विद्यालय नजिक दोपाईखोला काठेपुल, वडा नं. १३ र १४
(१०) मुग्लुखोला न्याखोला काठेपुल निर्माण
(११) पानाखोला डाङडुंगे काठेपुल, वडा नं. ४ र ५
(१२) टिमुरखोला सल्ले काठेपुल, वडा नं. १

निर्णय नं. १० : फोहरमैला व्यवस्थापन सहमतीका मांग सम्बन्धमा

नगर क्षेत्रको फोहरमैला व्यवस्थापन गर्दै आएको वडा नं. २ स्थित सतिपोले डम्पिंग साईडमा फोहरमैला फाल्न अवरोध आएको र फोहरमैला व्यवस्थापनका लागि नगर प्रमुख र स्थानीयवासीहरु बीच मिति २०७५ साउन १४ गते भएको सहमती अनुसार स्थानीयवासीहरुबाट आएका देहाय बमोजिमका मागहरुको सम्बोधनका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

क) विद्युत विस्तारका लागि फलामे पोल उपलब्ध गराउने,
ख) खानेपानी व्यवस्थापनका लागि आवश्यक पोलिथिन पाईप उपलब्ध गराउने,
ग) फोहरमैला व्यवस्थापन सम्बन्धी गरिने कार्य स्थानीयवासीहरुसंग सहकार्य गरी गर्ने ।

निर्णय नं. ११ : सवारी साधन तथा एम्बुलेन्स खरिद सम्बन्धमा

नगर पालिकाको प्रयोगका लागि नगर कार्यपालिकाको कार्यालयबाट सवारी साधन जीप र एम्बुलेन्स खरिदका लागि प्रकाशन गरेको सूचनामा कुनै पनि निवेदन प्राप्त नभएकाले New Renault Duster जीप र TATA कम्पनीको एम्बुलेन्स क्याटलग विधिबाट खरिद गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : स्वास्थ्य परिक्षण केन्द्रका लागि कार्यालय सहयोगी नियुक्ति गर्ने

यस नगरपालिकाको वडा नं. ६ स्थित स्थापना गरिएको स्वास्थ्य परिक्षण केन्द्रका लागि एक जना कार्यालय सहयोगी सेवा करारबाट नियुक्ति गर्ने निर्णय गरियो ।